१२८

# राष्ट्रिय सूचना आयोगको
## आदेश

मु.नं. २१६/०७१/०७२

२०६५

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, ७ नं. डिभिजन सडक कार्यालय, कटुन्जे, भक्तपुर ........................................१ विपक्षी

सूचना अधिकारी, ७ नं. डिभिजन सडक कार्यालय, कटुन्जे, भक्तपुर ........................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले ७ नं. डिभिजन सडक कार्यालय, कटुन्जे, भक्तपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम ७ नं. डिभिजन सडक कार्यालय, कटुन्जे, भक्तपुरको मिति २०७१।१०।२९, च.नं. ८६६, प.सं. आ.व. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना यस आयोगमा प्रेषित गरी बोधार्थ पत्रको माध्यमद्वारा निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन २० गते रोज ४ शुभम् ।